नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**प्रेस विज्ञप्ति**

आज मिति २०७४ साल मंसिर १४ गते विहीबारका दिन यस सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका श्रीमान् सचिव दिनेश कुमार थपलियाको अध्यक्षतामा यस मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्राबिधिक सहयोगमा निर्माण भएका ७५३ वटै स्थानीय सरकारहरुको वेबसाइट, Mobile Apps, Local Level Details, Knowledge Management Blog हरुको उदघाटन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विषयगत मन्त्रालयका प्रतिनिधिहरु, मन्त्रालयका सहसचिबहरु, विभागका महानिर्देशकहरु र विभिन्न संचार माध्यमका संचारकर्मीहरुको उपस्थिति थियो ।

उक्त कार्यक्रममा यस मन्त्रालयका सहसचिब श्री पुरुषोतम नेपालले सहभागीहरुलाई स्वागत गर्ने र कार्यक्रमको उद्धेश्य माथि प्रकाश पार्ने कार्य गर्नुको साथै सूचना प्रविधिमैत्री बनाउंदै विद्युतीय शासनलाई स्थापित गराउन हाल ७५३वटै स्थानीय तहहरुमा Online पहुँच, आवश्यक सूचनाको प्राप्ति र उपयोगका लागि निम्न माथि उल्लेखित कार्यहरु सपन्न भएको जानकारी गराउनु भयो ।

निर्माण भएका वेबसाइट, Mobile Apps,Local Level Details, Knowledge Management Blog बाट मन्त्रालयका सबै सूचना, विज्ञप्ति, परिपत्र लगायतका सूचना र अभिलेख एकै ठाउँमा प्राप्त गर्न सकिने, जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरण स्थानीय तह अनुसार हेर्न सकिने, Interactive map प्रयोग गरी स्थानीय तह विवरण हेर्न मिल्ने, सबै स्थानीय तहको uniform Domain name भएको, Accessible Website रहेको छ ।उक्त App हरुको प्रयोग गर्ने तरिका लगायत प्रयोगकर्ताको सहजीकरणका लागि प्रयोगकर्ता पुस्तिका (user manual) र video tutorial मन्त्रालयको वेबसाईटबाट प्राप्त गर्न सकिने छ ।

माथि उल्लेखित app हरु प्रयोग गर्न Android App को लागि Play Store,Interactive GIS Map र Website को http://mofald.gov.np मा हेर्न सकिने र प्रयोग गर्ने क्रममा कुनै कठिनाई आईपरेमा मन्त्रालयको सूचना तथा विद्युतीय शासन शाखा वा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को कार्यक्रम समन्वय ईकाई तथा क्षेत्रीय समन्वय ईकाईहरुमा सम्पर्क गर्न सकिने छ। आवश्यक सम्पर्क नम्बरहरु http://mofald.gov.np र http://lgcdp.gov.np मा प्राप्त गर्न सकिने छ।

कार्यक्रमको समापनको अवसरमा श्रीमान् सचिवज्यूले सूचनामैत्री स्थानीय तहको लागि सकारात्मक पहल भएको बताउंदै यसले स्थानीय तहलाई पारदर्शी र उत्तरदायी बनाउन सहयोग गर्ने बताउनु भयो । भौगोलिक रुपले विकट रहेका स्थानीय तहको समेत सूचना प्राप्त गर्न सकिने र स्थानीय तहलाई जनताको अझ नजिक पुर्याउने छ। स्थानीय तहलाई नमूना कानुन, कार्याविधि लगायत सहजीकरणका सूचनाहरु यसले सहज रुपमा र कम खर्चिलो तरिकाबाट उपलब्ध गराउने छ ।यसबाट स्थानीय तहको जिम्मेवारी र कार्यसम्पादन स्तरको मूल्याङ्कन हुनुका साथै स्थानीय तहलाई आफ्नो विशेषता अनुसार भविष्यमा कसरी सूचना प्रविधिमैत्री शासनमा अग्रसर हुने भन्ने विषयमा समेत सजग गराउने कुरा उल्लेख गर्नुभयो।

आगामी दिनमा स्थानीय तहले सूचना प्रविधि पूर्वाधारहरुको विकास, कर्मचारी, जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुको सिप तथा क्षमता विकास र जनचेतना अभिबृध्दिलाई प्राथमिकता दिनु पर्ने, सर्वसाधारण तथा सेवाग्राहीले सूचनाको आदान प्रदान र उपयोग गर्नु पर्ने, मन्त्रालय तथा केन्द्रीय निकायले सिप विकास र सूचना प्रविधि पूर्वाधारका लागि आवश्यक प्राविधिक सहयोग, तालिम, समन्वय र सहजीकरण गर्नुपर्ने विषयमा मन्त्रालय लागिरहेको समेत उल्लेख गर्नु भयो ।

जानुका सुवेदी
सहायक प्रवक्ता

मितिः- २०७४/०८/१४ गते विहीबार